# झिमरुक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## भ्यागुते, प्यूठान

## लुम्बिनी प्रदेश, नेपाल

झिमरुक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भ्यागुते, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७९/८०

चनं.:

मिति :-२०७९। ०४।०२

**सूचना!** **सूचना!!** **सूचना!!!**

विषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्वन्धमा।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को दफा ९ मा सामाजिक सुरक्षा भत्ता परिचयपत्र हरेक वर्ष नविकरण गर्नु पर्ने ब्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका यस झिमरुक गाउँपालिकाका ८ वटै वडाका सम्पूर्ण लाभग्राहीहरुले २०७९ कार्तिक मसान्त भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु आफै उपस्थित भई सम्वन्धित वडा कार्यालयमा परिचयपत्रको लागि निवेदन दिनुहुन अनुरोध छ।

साथै परिचयपत्र नविकरण नभएको अवस्थामा लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको हो।

आवश्यक कागजातहरु

- सामाजिक सुरक्षा कार्यविधि २०७७ को अनुसूचि २ ढाँचा अनुसारको निवेदन(वडा कार्यालयबाट उपलब्ध हुनेछ।)
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपि,
- पासपोर्ट साईजको २ प्रति फोटो,
- विधुवा तथा एकल महिलाको हकमा पतिको मृत्युदर्ताका साथै अर्को विवाह नगरेको प्रमाणपत्रको प्रतिलिपि,
- वालवालिकाको हकमा जन्मदर्ता प्रतिलिपि /संरक्षकको नागरिकताको प्रतिलिपि,
- अपाङ्गको हकमा अपाङ्गको परिचयपत्रको प्रतिलिपि /संरक्षकको नागरिकताको प्रतिलिपि

२०७९।४।२

सुवाश रिजाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालयहरु सबै,झिमरुक गाउँपालिका प्यूठान
आवश्यक प्रचार प्रसार गरि नविकरण गर्नुहुन।

वेबसाइटः-jhimrukmun.gov.np

इमेलः jhimrukmun@gmail.com

## अनुसूची–४

(दफा ७ को उपदफा १ सँग सम्बन्धित)

**नाम नविकरणका लागि दिने दरखास्तको ढाँचा**

मितिः ..........................

**श्रीअध्यक्ष/प्रमुखज्यू,**

**...............................गाउँपालिका/नगरपालिका कोकार्यालय ।**

**विषयः- नाम नविकरण सम्बन्धमा ।**

उपरोक्त विषयमा आगामी आर्थिक वर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउने गरि नाम नविकरण गरी दिनुहुन देहायको विवरण सहित यो दरखास्त पेश गरेको छु । मैले राज्यकोषबाट मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानून वमोजिम सहूँला बुझाऊँला।

**सामाजिक सुरक्षा भत्ताको किसिमः**(उपयुक्त कुनै एकमा चिन्ह लगाउने)

जेष्ठनागरिक/एकलमहिला/विधवा/पुर्णअपाङ्गता/अतिअशक्तअपाङ्गता/लोपोन्मूखआदिवासिजनजाती/बालबालिका

**निवेदक**

लाभग्राहीको नाम, थरः- लिङ्ग :-

परिचय-पत्रनं.- ठेगानाः-

दस्तखतः- सम्पर्क मोबाइल नं :-

**बालबालिका वा अपाङ्गताको हकमा**

संरक्षकको नाम, थरः-.................... संरक्षकको दस्तखतः-.............

सम्पर्क मोबाईल नं....................

**कार्यालय प्रयोजनको लागि**

नाम नविकरण निर्णय मितिः-

भत्ताको किसिमः- परिचयपत्र नं.-

नेपाल सरकार
**गृह मन्त्रालय**
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८१४, ४२००८१५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९

मिति २०७९/४/१

विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा।

श्री स्थानीय तह सबै।

सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको विदितै छ।

सोही सम्बन्धमा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.व २०७८/७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुँदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ताको फवार्ड फिड (लाभग्राही सूची) तयार गरी सम्बन्धित बैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएको छ। तसर्थ सबै लाभग्राहीहरुको सकेसम्म चाँडै नवीकरण गरी पहिलो त्रैमासिक निकासाबाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न आवश्यक व्यवस्थाको लागि अनुरोध छ।

नेपाल सरकारको आ.व २०७९/८० को बजेट बक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भईसकेकोले ऐ. ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रिया अगाडि बढाउनु हुन निर्णयानुसार अनुरोध छ। साथै, नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचपत्र नवीकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्रमा उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाई यथार्थ विवरण यकिन गर्नु गराउनु हुन समेत अनुरोध छ।

२०७९/४/१
(सागर मणि पाठक)
निर्देशक

श्री पञ्जीकरण एकाई
२०७९/४/२

अवगतार्थ:
श्रीमान सचिवज्यू,
गृह मन्त्रालय।
श्री प्रमुख जिल्ला अधिकारीज्यू, सबै।

दर्ता नं. ०९
मिति: २०७९/४/२

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np